# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### रत्ननगर, चितवन
### बागमती प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति : २०७७।०६।१५

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**

यस रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको निर्णयअनुसार तपसिल बमोजिमको पद र संख्यामा सेवा करारमा कर्मचारी राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समयभित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

| विज्ञापन नं | पदको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| ४-२०७७/०७८ | सहायक कम्प्यूटर अपरेटर | २(दुई) | बकुलहर रत्ननगर अस्पतालको लागि |
| ५-२०७७/०७८ | स्टाफ नर्स | १(एक) | बकुलहर रत्ननगर अस्पतालको लागि |
| ६-२०७७/०७८ | हल्का सवारी चालक | १(एक) | रत्ननगर नगरपालिका कार्यालयको लागि |
| ७-२०७७/०७८ | कार्यालय सहयोगी | ४(चार) | रत्ननगर नगरपालिका कार्यालय/वडा कार्यालयको लागि |

**१ परीक्षाको किसिम :** प्रारम्भिक छनौट र अन्तर्वार्ता ।

**२ परीक्षा केन्द्र :** रत्ननगर नगर कार्यपालिकाको कार्यालय ।

**३ दरखास्त दस्तुर :** सबै पदको लागि रु. ५००/- मात्र ।

**४ दरखास्त बुझाउने अन्तिम मिति :** २०७७।०६।२९ सम्म ।

**५ उम्मेदवारको उमेरको हद :** सहायक कम्प्युटर अपरेटर र स्टाफ नर्स पदको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । कार्यालय सहयोगी र हल्का सवारी चालक पदको लागि ५० वर्ष ननाघेको र हाल नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

**६ पेश गर्नुपर्ने कागजातहरु :** नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यता, तालिम, अनुभव लगायत सम्बन्धित पदका लागि आवश्यक कागजातहरु ।

**७ पदमा रही गर्नुपर्ने कामको विवरण :** नगर कार्यपालिकाको कार्यालयले उपलब्ध गराएको कार्यविवरण अनुसार ।

**८ आवश्यक न्युनतम योग्यता :**

- सहायक कम्प्युटर अपरेटर पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित तीन महिनाको कम्प्युटर तालिम प्राप्त ।
- स्टाफ नर्सको लागि नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र उत्तिर्ण गरी नर्सिङ काउन्सिलमा दर्ता भएको ।
- हल्का सवारी चालक पदको लागि ड्राइभिङ लाइसेन्स प्राप्त भएको ।
- कार्यालय सहयोगी पदको लागि सामान्य लेखपढ गर्न सक्ने ।

**९ तलब तथा सेवा सुविधा :** कार्यालयले तोके अनुसार ।

**१० दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :** रत्ननगर नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा ।

**नोट : पेश गरिने सबै प्रतिलिपीको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।**

टुवराज पोखेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np